# प्रदेश सभा

# अर्थ विकास तथा प्राकृतिक स्रोत समिति

सुदूरपश्चिम प्रदेश धनगढी, कैलाली

**वैठक संख्या :- ०७**

मिति २०८०।०४।३१

## छलफल तथा निर्णय

**निर्णयहरु**

१. बाढी पहिरोका कारण क्षतिग्रस्त बनेको कैलालीको चिसापानी, टिकापुर र भजनीमा भएको क्षतिको अवस्था र वस्तुस्थिती अनुगमन, निरिक्षण गर्नका लागि मिति २०८०/०४/२९ गते अर्थ, विकास तथा प्राकृतिक श्रोत समितिका माननीय ज्येष्ठ सदस्यज्यूको संयोजकत्वमा समितिका माननीय सदस्यहरु र समिति सचिव लगायतको टोलीबाट भएको अनुगमनको समिक्षा र अनुगमनबाट प्राप्त वस्तुस्थितीबारे समितिमा छलफल गरियो ।

२. विभिन्न समयमा समितिबाट भएको अनुगमनबाट प्राप्त बस्तुस्थिति र प्रकोपबाट क्षतिग्रस्त समग्र प्रदेशको सडक, सिंचाई, खानेपानी लगायत भौतिक पुर्वाधारका क्षेत्रमा मन्त्रालयको भावी योजना तथा विपद प्रभावित क्षेत्रका जनताको सुरक्षा र उद्दारका सम्बन्धमा प्रदेश सरकारले थालेका कार्यहरुसँग सम्बन्धित रहेर समितिका ज्येष्ठ सदस्यज्यूको अनुमतिले समितिका सदस्यहरुले पालैपालो आफ्ना जिज्ञासाहरु छलफलमा राखेपश्चात माननीय भौतिक पुर्वाधार विकास मन्त्री र मन्त्रालयका सचिवले समितिका सदस्यहरुले उठान गर्नुभएका जिज्ञासाहरुको जवाफ दिनुभयो ।

३. प्राकृतिक प्रकोपका कारण समग्र प्रदेशको वन, पर्यटन, वातावरण र उद्योगका क्षेत्रमा भएको क्षतिको विवरण र विपदबाट हुने क्षति न्युनिकरणका लागि मन्त्रालयस्तरबाट भएका कार्यहरुको विवरण माग गरी सो सम्बन्धमा समिति समक्ष जानकारी गराउनका लागि सुदूरपश्चिम प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका माननीय मन्त्री, राज्यमन्त्री र सचिवलाई मिति २०८०।०४।३२ गते दिउँसो १:०० बजे बस्ने समितिको बैठकमा आमन्त्रण गर्ने निर्णय गरियो ।